स्थानीय सरकार
मेलुङ गाउँपालिका
མེ་ལུང་ གཱ་ཨུཾ་པཱ་ལི་ཀཱ། | मलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पत्र सङ्ख्या : ०८१/०८२
चलानी नम्बर : सूचना १६२
भेड्पु, दोलखा
बागमती प्रदेश, नेपाल

मितिः२०८१/१२/१२

**अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग (CBR) कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना !**

बागमति प्रदेश सरकाबाट आ.व.२०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुरुप अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग (CBR) कार्यक्रम यस गाउँपालिका भित्र अपाङ्गता भएका क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाको साझेदारीमा कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक गैरसरकारी संस्थाहरुले तपसिलको रीत र शर्त पूरा गरी आवश्यक कागजात संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

**सि.वि.आर. कार्यक्रम सञ्चालनको लागि साझेदार गर्ने संस्थाको देहायबमोजिम योग्यता पूरा गरेको हुनुपर्ने छ।**

१. संस्था अपाङ्गता भएका व्यक्तिहरुबाट सञ्चालन भएको हुनुपर्ने र विधानमा सबै अपाङ्गता भएका व्यक्तिको लागि काम गर्ने उद्देश्य भएको हुनुपर्ने।

२. संस्था सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको र हरेक बर्ष नियमित नवीकरण गरेको हुनुपर्ने।

३. संस्थाको आफ्नो कार्यालय र आधिकारिक सम्पर्क नम्बर, इमेल ठेगाना भएको, समाज कल्याण परिषदमा आवद्ध र नियमित नविकरण भएको हुनुपर्ने।

४. प्रस्ताव पत्र पेश गर्ने संस्था यस गाउँपालिकामा सूचिकृत भएको हुनुपर्ने साथै संस्थासँग कम्तिमा दुई वर्ष अपाङ्गताको क्षेत्रमा काम गरेको हुनुपर्ने र नियमित लेखापरिक्षण भएको हुनुपर्ने।

५. प्रस्ताव अपाङ्गता भएका व्यक्तिको सामाजिक सहभागिता लगायत कानुनी शिक्षा अपाङ्गता अधिकारका अन्य क्षेत्रमा सशक्तिकरण गर्ने किसिमका कार्यक्रम (क्षमता, अभिवृद्धि, शिक्षा, स्वास्थ्य, सिप विकास, नेतृत्व तालिम आदि) गरि आयआर्जन, क्षमता विकास र स्वावलम्बी बनाउन लक्षित हुनुपर्ने।

**दरखास्त सँग बुझाउनुपर्ने कागजात**

क. अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धी कागजात,

ख. गत बर्षको बार्षिक प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन,

ग. समाज कल्याण परिषदको आबद्धता प्रमाणपत्र प्रतिलिपि,

घ. संस्था दर्ता नविकरण संस्थाको विधान प्रशासनिक र आर्थिक नियमावलीको प्रतिलिपि।

Sumannepal
१२/१२
..................
(सुमन नेपाल)
नि.प्रमुख प्रशासकीय अधिकृत